UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

## प्रेस वक्तव्य
## संयुक्त अनुगमन समन्वय समितिको एक सयौं बैठक
## २८ मे २००९ (२०६६ जेठ १४)

संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) को एक सयौं बैठक जेठ १४ (मे २८) गते नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसनका प्रमुख हतियार अनुगमनकर्ता क्याप्टेन (जलसेना) एडवार्डो उलेरीको अध्यक्षतामा समिट होटेलमा सम्पन्न भयो।

सो विशेष उपलक्ष्यमा, नेपालको शान्ति प्रक्रियामा जेएमसीसीका सदस्यहरूको विश्वासको वातावरण निर्माण गर्ने यस महत्वपूर्ण संयन्त्रमा देखाउनु भएको निरन्तर संलग्नताको सम्मान गर्दै नेपालका लागि महासचिवका प्रतिनिधि करिन लनग्रेनले उहाँहरूलाई सम्बोधन गर्नुभयो।

बैठकका सहभागीहरूले देशको स्थायित्व र सुरक्षामा योगदान पुऱ्याउन जेएमसीसीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको वताएका थिए।

दुबै पक्षहरूले हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्झौताको पालना गरेको र उक्त सम्झौतामा उल्लेखित अन्य कामहरू लगायत विश्वासको वातावरणको प्रबर्द्धन गर्न जेएमसीसीको संरचना भित्र रहेर अन्मिनसँग निकटम सहकार्य गर्ने मनसाय दोहोराएका छन्।

ICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040